# ललितपुर महानगरपालिका

यल महानगरपालिका

# स्थानीय राजपत्र

ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ८, ललितपुर, वैशाख १८ गते, २०८१ साल, अतिरिक्ताङ्क ४

## भाग - २

# ललितपुर महानगरपालिका

## गरिबी निवारण तथा रोजगार प्रवर्द्धन कार्यविधि, २०८१

आर्थिक तथा सामाजिक रुपले पछि परेका समुदायको उत्थानको लागि रोजगारी सिर्जना तथा आय आर्जन वृद्धि

गर्न नयाँ व्यवसाय स्थापना एवम् सञ्चालित व्यवसायको स्तरोन्नतिका लागि गरिने कार्यक्रमलाई व्यवस्थित र पारदर्शी वनाउन वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिइएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो गरिबी निवारण तथा रोजगार प्रवर्द्धन कार्यविधि, तर्जुमा गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम “गरिबी निवारण तथा रोजगार प्रवर्द्धन कार्यविधि, २०८१” रहनेछ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “कार्यपालिका” भन्नाले ललितपुर महानगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(ख) “कार्यालय” भन्नाले ललितपुर महानगरपालिकाको नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) “गरिब“ भन्नाले नेपाल सरकारले समय समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनी रहेका व्यक्ति वा परिवार सम्झनु पर्छ । सो

शब्दले नेपाल सरकारद्वारा गरिबीको पहिचान खुल्ने गरी वितरण गरेको परिचय पत्र प्राप्त व्यक्ति तथा परिवार समेतलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले ललितपुर महानगरपालिकाको नगरप्रमुख सम्झनु पर्छ ।

(ङ) "महाशाखा" भन्नाले गरिबी निवारण तथा रोजगार सम्बन्धी विषय हेर्ने महाशाखा सम्झनु पर्छ ।

(च) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्छ ।

(छ) "मूल्याङ्कन समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन विधि

**३. लक्षित समूह :** कार्यक्रम सञ्चालन गर्दा महानगरपालिका भित्र बसोवास गरिरहेका देहायका व्यक्तिहरुलाई लक्षित समुह मानिनेछ ।

(क) आर्थिक तथा सामाजिक रुपले पछाडि परेको उद्यम व्यवसाय गर्न इच्छुक व्यक्तिहरु,

(ख) परम्परागत सिप र कलाको सम्वर्द्धन गर्न इच्छुक व्यक्तिहरु,

(ग) वैदेशिक रोजगारवाट फर्केका उद्यम व्यवसाय गर्न इच्छुक व्यक्तिहरु,

(घ) सञ्चालन भइरहेको व्यवसायको स्तरोन्नति गर्न चाहाने व्यक्तिहरु

(ङ) वेरोजगार / विदेश तथा स्वदेशमा रोजगारी गुमाएका व्यक्तिहरु ।

(च) योग्यता, क्षमता भएतापनि पुँजी र प्राविधिक ज्ञान सीपको अभाव भएका व्यक्तिहरु ।

**४. सञ्चालन हुन सक्ने मुख्य मुख्य कार्यक्रम :** यस अन्तर्गत देहाय बमोजिमका कार्यक्रम सञ्चालन हुन सक्नेछन् ।

(क) उद्योग व्यवसाय स्थापना र सञ्चालनमा सहयोग

(ख) उद्यम व्यवसाय दर्तामा सहयोग

(ग) सिप हस्तान्तरण तथा रोजगारमूलक प्रशिक्षण

(घ) प्रविधि हस्तान्तरण

(ङ) कर्जामा सहयोग

(च) बजार प्रवर्द्धनमा सहयोग

(छ) रोजगार परामर्श सेवा

(ज) सूचना प्रविधि सम्बन्धी उद्यम व्यवसाय

(झ) परम्परागत रुपमा सञ्चालित स्थानीय उद्यम व्यवसायको स्तरोन्नति

(ञ) सिप परीक्षण

(ट) DIgital Marketing/ IT

(ठ) कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम

**५. सूचना प्रकाशन :** (१) प्रत्येक आर्थिक वर्षमा विनियोजित बजेटको सीमा भित्र रही कार्यालयले गरिबी निवारण तथा रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत सञ्चालन गरिने कार्यक्रममा सहभागिताका लागि दरखास्त आव्हान सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भए पछि दफा ३ बमोजिमका लक्षित समूहका व्यक्तिहरुले दफा ४ बमोजिमका कार्यक्रमहरु मध्ये आफूलाई उपयुक्त हुने कार्यक्रममा सहभागिताका लागि अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा देहायका कागजातहरु सहित दरखास्त दिनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ख) ललितपुर महानगरपालिका भित्र स्थायी बसोबास गरिरहेको प्रमाण पुग्ने कागजात,

(ग) पासपोर्ट साइजको फोटो २ प्रति,

(घ) वैदेशिक रोजगारवाट फर्केको व्यक्तिको हकमा वैदेशिक रोजगारमा गएको प्रमाण,

(ङ) उद्यम व्यवसाय गरिरहेकाको हकमा व्यवसाय दर्ता र PAN दर्ता एवम कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

(च) सम्बन्धित विषयको सिप हासिल गरेको भए सो सँग सम्बन्धीत तालिमको प्रमाणपत्रको प्रतिलिपि,

(छ) सूचनामा उल्लेख गरी तोकेका अन्य कागजातहरु ।

(ज) वडाको सिफारिस ।

(३) दरखास्त वापत कुनै दस्तुर लाग्ने छैन ।

**६. सहभागी छनौट :** (१) दफा ५ को उपदफा (२) बमोजिम प्राप्त दरखास्तहरुको मूल्याङ्कन गरी सम्बन्धित वडा कार्यालयले उपयुक्त सहभागीहरुको प्राथमिकीकरण गरी अनुसूची -२ बमोजिमको ढाँचाको विवरण सहित महानगरपालिकामा सिफारिस पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण र कार्यक्रममा विनियोजित बजेटको सीमा भित्र रही कार्यक्रम सञ्चालनका लागि दफा ७ बमोजिमको मूल्याङ्कन समितिद्वारा सहभागी छनौंट गरिनेछ ।

(३) उपदफा (२) बमोजिम छनौंट भएका सहभागीहरुको लागि कार्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) उपदफा (२) बमोजिम छनौंट भएका सहभागीहरुलाई विनियोजित बजेटको सीमा भित्र रही प्राथमिकताको आधारमा क्रमशः माग बमोजिमको सेवा र सहयोग प्रदान गरिनेछ ।

**७. मूल्याङ्कन समितिको गठन तथा कार्य : (१)** कार्यक्रम सञ्चालनका लागि दफा ६ बमोजिम सहभागी छनौंट गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) | नगरप्रमुखले तोकेको सम्बन्धित विषयको विज्ञ एक महिला सहित दुई जना | - सदस्य |
| (ग) | ललितपुर उद्योग बाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि | - सदस्य |
| (घ) | उद्योग तथा सहकारी शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य सचिवले बोलाउनु पर्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि प्रचलित कानून तथा यस कार्यविधिको प्रतिकुल नहुने गरी समितिले आवश्यकता अनुसार मापदण्ड बनाई नगरप्रमुखवाट स्वीकृत गराउनु पर्नेछ ।

८. **सिप हस्तान्तरण तथा रोजगारमूलक प्रशिक्षण :** (१) यस कार्यक्रम अन्तर्गत सिपमूलक तालिम लिई व्यवसाय गर्न इच्छुक व्यक्तिहरुलाई सिप हस्तान्तरणका लागि माग अनुसारका तालिम कार्यक्रम कार्यालयले सञ्चालन गर्नेछ । यसरी उपलब्ध गराउने तालिममा एकै व्यक्तिलाई दुई प्रकृतिका तालिममा सहभागी गराईने छैन ।

(२) बजारको आवश्यकता र निवेदकको मागका आधारमा रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(३) तालिम सञ्चालन गर्नु भन्दा अघि तालिमको सदुपयोग गरी आय आर्जन तथा रोजगारमा संलग्न हुने प्रतिवद्धता सम्बन्धित निवेदकले गरेको हुनु पर्नेछ ।

९. **प्रविधि हस्तान्तरण :** तालिम पश्चात तालिममा सहभागी उद्यमशील प्रशिक्षार्थीहरुलाई उद्योग व्यवसाय सञ्चालन गर्न र व्यवसाय प्रवर्दनका **लागि आवश्यक प्रविधि अन्तर्गत ८०%** सम्म अनुदानमा प्रविधि उपलब्ध गराउन सकिनेछ ।

१०. **उद्योग स्थापना तथा सञ्चालन सहयोग :-** निवेदकलाई उद्योग स्थापना, उद्योग दर्ता प्रक्रिया वा व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने कच्चापदार्थ, प्रविधि, कर्जा, बजार लगायतका विषयमा सूचना तथा परामर्श आवश्यक परेको खण्डमा मागका आधारमा निःशुल्क सूचना तथा परामर्श सेवा प्रदान गरिनेछ । यसै गरी रोजगारी गर्न चाहनेहरुलाई आवश्यक परामर्श प्रदान गर्नुको साथै रोजगारदाताहरुसँग अन्तरक्रिया गराई सम्बन्ध स्थापित गर्न सहयोग गर्न सकिनेछ ।

११. **ऋणमा पहुँचका लागि सहजीकरण :** उद्यम/व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्तिलाई व्यवसाय सञ्चालन

गर्न आवश्यक पर्ने विउ पुँजीका लागि महाशाखाले व्यवसायी र वित्तीय संघ/संस्थाहरु बिच समन्वय तथा सहकार्य गराई ऋण लगानीका लागि सहजीकरण गर्न सक्नेछ ।

१२. **बजार प्रवर्द्धन :** (१) उद्यमीहरुको व्यवसाय प्रवर्द्धन तथा व्यवसायको दिगोपनाको लागि बजार प्रवर्द्धन तथा विस्तार गर्न बजारीकरण सम्बन्धी तालिम, अन्तरक्रिया, औद्योगिक मेला/प्रदर्शनी तथा औद्योगिक भ्रमणमा सहभागिताको लागि निवेदकको माग अनुसार महाशाखाले सहजीकरण तथा व्यवस्थापन गर्न सक्नेछ । साथै माग अनुसार Online तथा Digital Marketing सम्बन्धी तालिम तथा सहयोग समेत गर्न सक्नेछ ।

१३. **उद्योग व्यवसायमा सुधार एवम् स्तरोन्नती कार्यक्रम :-** उद्यमीहरुलाई उनीहरुको व्यवसाय सुधार एवम् स्तरोन्नतिका लागि मागका आधारमा ब्रान्डिङ, प्याकेजिङ्ग, लेभलिङ्ग लगायतका विषयमा परामर्श सेवा प्रदान गर्न सक्नेछ ।

१४. **सिप परीक्षण :** यसमहानगरपालिकावाट तालिम प्राप्त गरेका प्रशिक्षार्थीहरुको लागि कार्यालयले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट सिप परीक्षणको व्यवस्था मिलाउने छ ।

१५. **रोजगारीका लागि परामर्श सेवा:** निवेदकको माग बमोजिम स्वदेशी तथा वैदेशिक रोजगारीका लागि

आवश्यक पर्ने सूचना तथा परामर्श सेवा कार्यालयले निःशुल्क प्रदान गर्नेछ ।

१६. **कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण (Apprecenticeship) कार्यक्रमः** ललितपुर महानगरपालिका भित्र रहेका रोजगारदातासँगको समन्वय र सहकार्यका आधारमा कार्यालयले सम्झौता गरी रोजगारदाताको माग अनुसारको जनशक्ति तयार गर्न कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण (Apprecenticeship) कार्यक्रम सञ्चालन गर्न सक्नेछ । यस दफाको प्रयोजनका लागि “कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण (Apprecenticeship) कार्यक्रम” भन्नाले उद्योगमा व्यावसायिक सिप हासिल गर्नका लागि सैद्धान्तिक र व्यवहारिक ज्ञान सहित रोजगारदाताको काममा प्रत्यक्ष संलग्न गराई प्रदान गरिने सिपमूलक वा सिप अभिवृद्धि तालिम समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद-३
## विविध

१७. **सुविधा : (१)** कार्यालयले यस कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीहरुलाई प्रचलित कानून बमोजिमको खाजा खर्च/यातायात खर्च उपलब्ध गराउनेछ ।

(२) तालिम प्रदान गर्ने प्रशिक्षक तथा परामर्श सेवाका लागि श्रोत व्यक्तिको पारिश्रमिक प्रचलित कानून र

विनियोजित बजेटको सिमा भित्र रही कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. अनुगमन :** यस कार्यविधि बमोजिम सञ्चालन भएका कार्यक्रमहरुको नियमित अनुगमन गर्ने व्यवस्था कार्यालयले मिलाउनु पर्नेछ ।

**१९. पुरस्कार तथा सम्मान :** ललितपुर महानगरपालिकामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई सवै भन्दा बढी रोजगारी दिने रोजगारदातालाई मूल्याङ्कनका आधारमा महानगरपालिकाले विशेष पुरस्कार तथा सम्मान गर्ने व्यवस्था मिलाउनेछ ।

**२०. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१
## (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
## दरखास्त फाराम

**श्रीमान् वडाध्यक्षज्यू,**
**.....वडा कार्यालय, ..... .....।**

**विषयः ..... ..... ....... .......सम्बन्धमा सिफारिस पाउँ भन्ने वारे ।**

**ललितपुर महानगरपालिकाद्वारा मिति ................प्रकाशित सूचना अनुसार गरिबी निवारण तथा रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत देहायको कार्यक्रममा सहभागी भई उद्यम व्यवसाय स्थापना/स्तरोन्नति गर्न/रोजगारीमा संलग्न हुन इच्छुक भएकोले कार्यक्रममा सहभागिताका लागि सिफारिस गरिदिनु हुन तोकिएका आवश्यक कागजातहरु संलग्न गरी यो दरखास्त पेश गरेको छु ।**

**१. निवेदकको नाम, थरः ..........................**
**२. बुबाआमाको नाम, थरः ...............**
**३. पति/पत्नीको नाम, थरः .......................**
**४. शैक्षिक योग्यताः ......................**
**५. ठेगानाः........................**
**६. लिङ्गः.........................**
**७. जन्म मितिः ......................**
**८. वैवाहिक स्थितिः**
**९. सम्पर्क नं.: ..................................**

**१०. पेशाः ..............................**

**११. पारिवार संख्याः ........................**

**१२. पारिवारिक पेशा ...................**

**१३. यस भन्दा अगाडी कुनै तालिम लिएको छ/छैन ? यदि छ भने तालिमको नाम, अवधि र तालिम दिने संस्थाको नाम र ठेगानाः ...................**

**१४. कुनै व्यवसाय सञ्चालन गरेको वा कार्य गरेको/नगरेको ?**

**गरेकोको भए व्यवसायको नाम र ठेगाना :**

**............................................................**

**१५. आफू सहभागी हुन चाहेको कार्यक्रम :**

**(क) सिप हस्तान्तरण तथा रोजगारमूलक प्रशिक्षण**

**(ख) प्रविधि हस्तान्तरण**

**(ग) उद्योग व्यवसाय स्थापना र सञ्चालनमा सहयोग**

**(घ) कर्जामा सहयोग**

**(ङ) बजार प्रवर्द्धमा सहयोग**

**(च) परम्परागत रुपमा सञ्चालित उद्यम व्यवसायको स्तरोन्नति**

**(छ) अवलोकन भ्रमण**

**(ज) सिप परीक्षण**

**(झ) रोजगार परामर्श सेवा**

**(ञ) कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण**

**१६. वुदा नं. १५ बमोजिमको कार्यक्रममा सहभागी भए पछिको प्रतिवद्धताः.................**

.......................................................................

.......................................................।

**निवेदकको सहिः..................**

**मितिः.........................**

**१७. कार्यक्रममा सहभागी भए पछि सहयोग गर्ने अविभावकको प्रतिवद्धता : मेरो..........श्री........ ................ले यस कार्यक्रममा सहभागी भए पश्चात व्यवसाय स्थापना/सञ्चालन/स्तरोन्नति तथा रोजगारमा संलग्न हुन आवश्यक सहयोग गर्नेछु ।**

**अविभावकको सहिः........**

**संलग्न कागजात**

**अविभावकको नाम थर..............**

**क. नेपाली नागरिकताको प्रतिलिपि ।**

**ख. तालिम लिएको भए तालिमको प्रमाण पत्रको प्रतिलिपी ।**

**ग. व्यवसाय गरी राखेको भए व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी ।**

**घ. पासपोर्ट साइजको फोटो -२ प्रति ।**

**ङ. ललितपुर महानगरपालिकामा स्थायी वसोवास गरिरहेको खुल्ने कागजात ।**

# अनुसूची-२
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
## ललितपुर महानगपालिका
## ..... वडा कार्यालय
## गरिबी निवारण तथा रोजगार प्रवर्द्धन कार्यक्रमका लागि प्राथमिकीरण :

| सि. नं. | निवेदकको नामथर | ठेगाना | सहभागी हुन चाहेको कार्यक्रम | कार्यक्रम माग गर्नुको कारण (व्यवसाय गर्न/ रोजगारीमा संलग्न हुन) | विगतमा सो सम्बन्धी तालिम लिए/नलिएको | प्राथमिकीकरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**तयार गर्नेको दस्तखत : ................**
**तयार गर्नेको नाम थर : ................**

**प्रमाणित गर्नेको दस्तखत :........................**
**प्रमाणित गर्नेको नाम थर ........................**

प्रमाणीकरण मिति
२०८१/०१/१८

आज्ञाले
वीरेन्द्र देव भारती
प्रमुख प्रशासकीय अधिकृत